अनुसूची– १५

(दफा ३३ को उप– दफा (२) सँग सम्बन्धित)

**श्री सशस्त्र प्रहरी बल, नेपाल नं.२९ गण हे.क्वा.,ज्वालामाई**

भालुबाङ, दाङ

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०३/१६**

श्री सशस्त्र प्रहरी बल, नेपाल नं.२९ हे.क्वा.,ज्वालामाई भालुबाङ, दाङले कटान संकलन गरी गण परिसरमा घाट्गद्दी गरिएको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८(१) बमोजिम सुचिकृत ईच्छुक फर्म वा कम्पनीले यो सूचना गोरखा पत्र राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०३/१६ गते पहिलो पटक प्रकाशित भएको मितीले २१ औं दिनको कार्यालय समय भित्र यस सशस्त्र प्रहरी बल, नेपाल नं.२९ गण हे.क्वा.,ज्वालामाई भालुबाङ, दाङ वा डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी) लमही मा बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२.०० बजे भित्र सिलवन्दी बोलपत्र श्री सशस्त्र प्रहरी बल, नेपाल नं.२९ गण हे.क्वा.,ज्वालामाई भालुबाङ, दाङमा दाखिला गर्न आयकर, मु.अ.कर तथा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्र भएको काठ सम्बन्धी कारोबार गर्ने वन नियमावली- २०७९ को नियम १२८ बमोजिम सुचिकृत फर्म वा संस्थालाई आह्वान गरिएको छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

१.वन पैदावारको विवरण

| लट नं. | वनपैदावारको जात | किसिम | ग्रेड | थान | परिमाण क्यू.फि. | मुल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | न्युनतम मुल्य रू. | संकलन खर्च रू. | |
| 1 | सिसौ | गोलिया | ए | 1 | 7.6 | 5320.00 | 1140 | |
| | सिसौ | गोलिया | बि | 17 | 39.4 | 19700 | 5910 | |
| | जामुन | गोलिया | सि | 1 | 3.13 | 313 | 470 | |
| | सिमल | गोलिया | N | 221 | 1766.71 | 265007 | 265007 | |
| | खयर | गोलिया | N | 35 | 58.33 | 58330 | 8750 | |
| | मसला | गोलिया | N | 11 | 3.7 | 463 | 555 | |
| | बकाईनो | गोलिया | N | 7 | 15.68 | 1568 | 2352 | |
| | काठको कुल जम्मा | | | 293 | 1894.55 | 350700.00 | 284183 | |
| | अन्य मिश्रित | दाउरा (चट्टा) | | | 2.50 | 10000 | 28750 | |
| | लट नं. १ को कुल जम्मा | | | | | 360700.00 | 312933 | |

२. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३/०४/०४ गते ।

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३/०४/०५ (ख) समय १२.०० बजे सम्म ।

४. बोलपत्र साथ कबुल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको को.ले.नि.का दाङको नेपाल बैंक लिमिटेडको धरौटी खाता नं. ०२७०१०००००२००३०००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

५. बोलपत्र फारम प्रति लटको रु. १००० पछि फिर्ता नहुने गरी दस्तुर बुझाउनु पर्ने छ एवं उक्त दस्तुर वापतको रकम सशस्त्र प्रहरी बल नेपाल नं.२९ गण हे.क्वा.ज्वालामाई दाङको नेपाल बैंक लिमिटेड घोराही दाङमा रहेको राजश्व खाता नं.००१०१००००००००१००१००१ कार्यालय कोड नं.३१४०५५६०१ राजश्व शिर्षक नं.१४२२९ मा जम्मा गर्नु भई सो को सक्कल भौचर समेत यस कार्यालयमा पेश गर्नु पर्ने छ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सशस्त्र प्रहरी बल, नेपाल नं.२९ गण हे.क्वा.,ज्वालामाई भालुबाङको गण परिसरमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०४/०५ गते यस सशस्त्र प्रहरी बल, नेपाल नं.२९ गण हे.क्वा.,ज्वालामाई भालुबाङको कार्यालयमा दिनको २.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर, सङ्कलन खर्च छुट्टै बुझाइ लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सशस्त्र प्रहरी बल, नेपाल नं.२९ गण हे.क्वा.,ज्वालामाई भालुबाङ कार्यालयमा निहित रहनेछ ।

(यदु कुमार कार्की)
सशस्त्र प्रहरी उपरीक्षक
गणपति

(सशस्त्र प्रहरी बल, नेपाल नं.२९ गण हे.क्वा.,ज्वालामाई भालुबाङ, दाङ)

# दुर्गममा बल्यो सौर्य बत्ती

तनहुँ समाचारदाता
तनहुँ, असार १५ गते

तनहुँको ब्यासलाकोटेश्वर गाउँपालिकाले अर्मलाम्म बनि बत्ती नपुगेको दुर्गम बस्तीका घर तथा गोठमा सोलार सेट उपलब्ध गराइदिएको छ ।

गाउँपालिकाले राष्ट्रिय प्रसारण लाइनको पहुँच नपुगेको वडा नं. २ मालिङको लिबिस्थान क्षेत्रमा 'उज्यालो कार्यक्रम' अन्तर्गत सोलार बत्ती जडान गरेको हो ।

सो कार्यक्रम अन्तर्गत स्थानीय बुद्धिमान परियार, दलबहादुर गुरुङ र लिङबहादुर परियारका घर तथा गोठमा पुर्ग सोलार प्यानल, ब्याट्री, कन्ट्रोलर, चिम र आवश्यक सामग्रीहरूका सामग्री जडान गरिएको छ । हस्तान्तरण कार्यक्रममा गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरुङ, उपाध्यक्ष रमीमाया गुरुङ, प्रमुख प्रशासकीय अधिकृत माधवप्रसाद खनाल, वडाध्यक्ष तुलोमान गुरुङ, सूचना प्रविधि अधिकृत अनिल पौडेल र संस्था प्रमुख यमन्त पौडेलको उपस्थिति थियो ।

सोलार बत्तीको सुविधाले दुर्गम क्षेत्रमा बसोबास गर्ने स्थानीयको दैनिकी सहज हुनुका साथै रात्रिकालीन सुरक्षा र पशुपालनमा समेत थप सहज भएको छ ।

# आरोग्य पर्यटनका लागि भङ्कासे

राष्ट्रिय समाचार समिति
म्याग्दी, असार १४ गते

पहाडको उच्च स्थानमा समथर टार, चारैतिरको मिसालो फाँटमा घना जङ्गल, बस्तीदेखि टाढा र एकान्त र शान्त वातावरण, पृष्ठभूमिमा देखिने अग्ला पहाड र हिमशृङ्खला, चराचुरुङ्गीको चिरबिर आवाज, यो ठाउँ हो म्याग्दीको बेनी नगरपालिका-१०, पल्लेखेतमा रहेको भङ्कासे ।

यो ठाउँ परापूर्वकालमा ऋषिमुनिले तपस्या गरेर ज्ञान आर्जन गरेको धार्मिक र पर्यटकीय ठाउँ हो । प्राकृतिक हिसाबले सुन्दर, मनमोहक र धार्मिक रूपमा महत्वपूर्ण मानिएको भङ्कासे पूर्वाधार, प्रचारप्रसार र पर्यटकको पर्खाइमा छ ।

पल्लेखेतको खालंग टोलको शिरमा समुद्री सतहदेखि करिब दुई हजार छ सय मिटर उचाइमा अवस्थित भङ्कासेको, प्रचारप्रसार आवश्यक रहेको स्थानीय लोकबहादुर पुनको भनाइ छ । "पहाडको शिरमा रहेको उक्त स्थानमा जमिन भासिएर प्वाल परेको हुँदा भ्याङ खसेको भन्दाभन्दै अपभ्रंश भएर भङ्कासे नाम रहन गएको जनविश्वास छ," उहाँले भन्नुभयो ।

भङ्कासेमा पहाड भासिएर ओढार बनेको भ्याङ छ । भ्याङनजिकै करिब ५० रोपनी समथर खाली जमिन छ । भङ्कासेको पृष्ठभूमिमा धौलागिरि, नीलगिरि, अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खला देखिन्छ । म्याग्दीका साबिकका ४१ मध्ये ३५ वटा गाविसको भूगोल यहाँबाट अवलोकन गर्न सकिने स्थानीयवासीको भनाइ छ ।

भङ्कासेदेखि करिब दुई मिटर तल सिद्धको थान रहेको छ । उक्त स्थानमा तपस्या गरेका ऋषिले देहत्याग गरेको ठाउँमा मन्दिर र धर्मशाला बनाइएको छ । अहिले पनि यहाँ देशका विभिन्न ठाउँबाट ध्यान तपस्याका लागि मानिसहरू आउने गरेका छन् । सिन्धुपाल्चोकबाट आएर १२ वर्षदेखि भङ्कासेमा तपस्या बसेका नागबाबा रूपचन्द्रले सपनामा देखेको आधारमा विश्वशान्ति र विकृतिमुक्त समाजको कामनाका लागि तपस्या गर्न आएको प्रतिक्रिया दिनुभयो ।

भङ्कासे र सिद्धथानमा आश्रम छन् । खालंगदेखि ३० मिनेटको पैदलयात्रापछि पुगिने सिद्धथानबाट थप १५ मिनेट उकालो हिँडेर भङ्कासे पुगिन्छ । रघुगङ्गा, मङ्गला गाउँपालिका र बेनी नगरपालिकाको सिमानामा पर्ने पर्यटकीय स्थल टाङ्कोटदेखि ४०' मिनेटको पैदलयात्रापछि भङ्कासे पुगिन्छ ।

# जङ्गली फल खाँदा बिरामी

सुलीकोट समाचारदाता
सुलीकोट, असार १५ गते

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका अन्तर्गत लामागाउँस्थित छ जना बालबालिका जङ्गली फल खाँदा बिरामी परेका छन् । बिरामीमध्ये दुई जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार काठमाडौंको कपिलवस्तुस्थित गुम्बाबाट शिक्षक पासाङ लामाको नेतृत्वमा १२ बालबालिका अध्ययनका लागि चुमनुब्रीतर्फ गएका थिए । शनिबार बेलुका चुमनुब्री गाउँपालिकाको चीसेलस्क क्षेत्रमा पुग्दा उनीहरूले पहिचान हुन नसकेको जङ्गली फल खाएका थिए ।

फल खाएलगत्तै केही बालबालिकामा वान्ता हुने, टाउको दुख्ने तथा असहज महसुस हुने लक्षण देखिएपछि बालबालिकालाई तत्काल उद्धार गरी छेकम्पार स्वास्थ्य चौकीमा उपचारका लागि ल्याइएको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ । उपचाररतमध्ये दुई जनाको अवस्था गम्भीर रहे पनि अस्पताल चिकित्सकको निगरानीमा रहेर उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक श्रेष्ठको भनाइ छ ।


## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति : २०८३।०३।१६ गते

श्री नं. ४ गन. नम्बर न. २९ गण हे.क्वा., ज्वालामाई घाइने कटान मुछान गर्दा उत्पादन भई गण परिसरमा थटगाही गरी राखिएका विभिन्न जातका गोलिया थान २१.३ को १०८४.८२ घ.फि. काठ र अन्य मिश्रित दाउरा ३.४० चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावलीको नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सूचीकृत इच्छुक फर्म, कम्पनीले बोलपत्र खरिद गरी २२औं दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र पेस गर्न आयकर, मू.अ. कर तथा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र भएको सूचीकृत काठ सम्बन्धी काम गर्ने फर्म वा संस्थालाई आह्वान गरिएको छ । पूर्ण ब्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**स.प्र. बल, नेपाल नं. २९ गण हे.क्वा.,**
ज्वालामाई, राप्ती गाउँपालिका-१ भालुबाङ, दाङ
(सम्पर्क नं.: ९८५१२७२०८४)



## नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रद्वारा उपाधिमूलक विद्यावारिधि र निरुपाधिक विशेष अनुसन्धान, लघु अनुसन्धान, ग्रन्थ सम्पादन र अनुवाद कार्यक्रमका लागि आवेदन आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०८३/०३/१६)

यस विश्वविद्यालयको शैक्षिक वर्ष २०८३/०८४ को अनुसन्धान कार्यक्रमअन्तर्गत विद्यावारिधि तथा निरुपाधिक शोधकार्य गर्न इच्छुक योग्यता पुगेका शोधार्थीहरूबाट यो सूचना प्रकाशन भएको मितिले ३५ दिन (२०८३ साल श्रावण १८ गते) को समय दिई मिति २०८३/०१/०३ को सदर टिप्पणीका आधारमा तोकिएको शुल्कसहित आवेदन आह्वान गरिन्छ । तोकिएको शुल्क अनुसन्धान केन्द्रको नाममा राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको चल्ती खाता नं. ४१६०१०००५५८४००१ मा जम्मा गर्नुहोला । आवेदन प्रपत्र (फाराम) भरी बैङ्कमा रकम जम्मा गर्नुअघि आफ्नो सबै कागजात र मापदण्ड पूरा भए नभएको सुनिश्चित गर्नुहोला । बैङ्कमा जम्मा गरिसकेपछि शुल्क रकम फिर्ता हुने छैन । आवेदकहरूले ने.सं.वि. को वेबसाइटमा रहेको आवेदनपत्र (फाराम) डाउनलोड गरी उक्त प्रपत्र भर्नुका साथै अन्य आवश्यक कागजातहरू आवेदनसाथ बुझाउनुपर्नेछ । प्रपत्रमा अपूर्ण विवरण उल्लेख गरेका र आवश्यक सबै कागजात एवम् मापदण्ड पूरा नगरेका आवेदनहरू स्वतः अस्वीकृत हुनेछन् । यस विषयमा विस्तृत जानकारीका लागि विश्वविद्यालयको वेबसाइट www.nsu.edu.np हेर्नुहुन र कार्यालयको फोन नं. ०८२-४०००९१ र मोबाइल ९८५७८२४४०२, ९८४७८८४७११ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**आवेदन बुझाउने अन्तिम मिति :** २०८३/०४/१८ गते अपराह्न ४.०० बजेसम्म

**आवेदन बुझाउने स्थान :** नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र, बेलझुण्डी, दाङ

**निर्धारित कोटा :** शास्त्रीय विषयतर्फ १४ र आधुनिकतर्फ १२ गरी जम्मा २६ जना

**आवेदन शुल्क:** विद्यावारिधितर्फ रु. ३०००/- निरुपाधिकतर्फ रु. १०००/-



## वाल्मीकि विद्यापीठ

प्रदर्शनी मार्ग, काठमाडौं ।

### पसलकवल भाडामा लगाउने बारेको सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८३/०३/१६ गते)

वाल्मीकि विद्यापीठ अन्तर्गतको दरबार मार्गस्थित तीनधारा संस्कृत छात्रावासका तीनवटा क्लस्टर (Block-A, Block-B, Block-C) मा विभाजन गरिएका पसलकवलहरूमध्ये तपसिलमा उल्लिखित पसलकवलहरू जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा छुट्टाछुट्टै रूपमा भाडामा लगाउनुपर्ने भएकाले न्यूनतम भाडा प्रति वर्गफिट रु.३५०/- मा नघट्ने गरी बढावढमा भाडामा लिन इच्छुक आयकरमा दर्ता भएका व्यक्ति, फर्म/कम्पनी वा अन्य निकायले आफूले लिन चाहेको पसलकवल नम्बर र तिर्न सक्ने भाडादर स्पष्ट खुलाई दोस्रो पटक सूचना प्रकाशनका मितिले ७ (सात) दिनभित्र बोलपत्र फाराम दर्ता गराउनुहुन सूचित गरिन्छ । इच्छुक बोलपत्र दाताहरूले पसलकवलका लागि पसलकवल नम्बर अनुसार छुट्टाछुट्टै बोलपत्र पेस गर्नुपर्नेछ । प्रति बोलपत्र फाराम रु. ५,०००/- (अक्षरूपी पाँच हजार) मात्र (फिर्ता नहुने गरी) तिरी वाल्मीकि विद्यापीठ काठमाडौं र तीनधारा संस्कृत छात्रावास काठमाडौंबाट कार्यालय समयभित्र खरिद र सोही स्थानहरूमा दर्ता गर्न सकिनेछ । बोलपत्र फाराम यो सूचना दोस्रो पटक प्रकाशित भएका मितिले सातौं दिनको कार्यालय समयभित्र खरिद गरिसक्नुपर्नेछ र आठौं दिन (उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) दिउँसो २:०० बजेभित्र दर्ता गरिसक्नुपर्नेछ । निर्धारित मितिसम्ममा दर्ता भएका बोलपत्रहरू दोस्रो पटक सूचना प्रकाशित भएको मितिबाट आठौं दिनको दिउँसो ३ बजेपश्चात् वाल्मीकि विद्यापीठ काठमाडौंमा खोलिनेछ । विस्तृत जानकारीका लागि वाल्मीकि विद्यापीठको वेबसाइट https://balmeekicampus.edu.np/ वा सूचनापाटीमा हेर्नुहुन वा विद्यापीठको प्रशासन शाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

तपसिल

1. A1- 315 Square Feet
2. B2 - 116 Square Feet
3. B3 - 244 Square Feet
4. B6 - 248 Square Feet
5. C1 - 951 Square Feet – with Store
6. C2 - 161 Square Feet
7. C3 - 160 Square Feet
8. C4 - 146 Square Feet
9. C5 - 136 Square Feet



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
## पुल सेक्टर धरान, सुनसरी

### करार सम्झौता अन्त्य किन नगर्ने सम्बन्धी सूचना

प्रकाशित मिति: २०८३-०३-१६

यस योजना कार्यालय अन्तर्गत निर्माणाधीन तुर्के खोला पुल, केराबारी, मोरङको करार सम्झौतामा तोकिएको समयावधि भित्र सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण गर्नुपर्नेमा निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्न नगरेको, हाल उक्त पुलको निर्माण कार्यको सम्पूर्ण गतिविधि ठप्प भएको, पटकपटक विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा पुल निर्माणको कार्य सम्पन्न गर्न ताकेता गरिएको भएतापनि निर्माण व्यवसायीले हालसम्म निर्माण कार्य सम्पन्न नगरेको र करार सम्झौताको GCC Clause 58.2 (a) (g) बमोजिम निर्माण व्यवसायीले आफ्नो करारीय दायित्व पूरा नगरी Fundamental Breach of Contract गरेको हुँदा करार सम्झौताको GCC Clause 58.1 बमोजिम ठेक्का अन्त्य गर्न नपर्ने कुनै आधार / कारण भए ७ (सात) दिन भित्र निर्माण व्यवसायी स्वयम् यस कार्यालयमा उपस्थित भई लिखित जवाफ पेश गर्नुहुन सूचित गरिन्छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी |
|---|---|---|---|
| १. | SMBCP-05/070/071 | Construction of Turke Khola Bridge Kerabari-9, Morang | श्री निलगिरी-सेनलेल जे.भी. काठमाडौं । |

योजना प्रमुख



## भूमि प्रशासन कार्यालय, भक्तपुरको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

भ.पु.जि., बागेश्वरी-८ को हाल चा.न.पा. वडा नं. ७ बस्ने राम गोपाल नयाजु-१, राज कुमार नयाजु-१ र राजाराम नयाजु-१ समेत जना-३ ले हामीहरूको पिता रामलाल नयाजुका नाउँमा सर्भे नापीको फाल्टमा मोही कायम रहेको तपसिल बमोजिमको किता जग्गा भएकोमा, पिता रामलाल नयाजुको मिति २०६१/०५/०७ मा, निजकी पत्नी सन्नु माया नयाजुको मिति २०७५/१२/२८ मा मृत्यु भई हक खाने छोराहरू हामी निवेदक राम गोपाल नयाजु-१, राज कुमार नयाजु-१ र राजाराम नयाजु-१ समेत जना-३ बाहेक अन्य कोही नभएको, हालसम्म ज.ध.ले रैकरमा परिणत नगरेको (ख) श्रेणीको बिर्ता जग्गा भएकोले बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा प्रचलित कानुन बमोजिम हामी निवेदकहरूका नाउँमा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, ना.सा. मि.नं. ६१/०७३/६/१६ र मि.नं. ७०/०६६/०६७ सन्नु माय नयाजु भिडेको भनी मोठ भिडी आएको देखिँदा सरमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदावी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । फिल्डबुकको व्यहोरा

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| बागेश्वरी | ८/ख | ३०५ | ०-१०-०-० | रामलाल नयाजु भ.पु.८ नगरम ८/ख | भएको जग्गा हो भैले जोती खाएको छु । |



## श्री कर्जा असुली न्यायाधिकरण, नयाँ बानेश्वर, काठमाडौंबाट जारी भएको तपसिलका प्रतिवादीहरूका नाउँको जारी १५ (पन्ध्र) दिने म्याद (सूचना) ।

उपान्त वादी राष्ट्रिय सहकारी बैंक लिमिटेड र प्रतिवादी तपाईं समेत भएको कर्जा असुली मुद्दामा यस न्यायाधिकरणबाट तपाईंहरूका नाउँको म्याद राष्ट्रिय स्तरको दैनिक पत्रिकामा म्याद प्रकाशन गर्नू भनी भएको आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ । यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्रमा कानुन बमोजिम आफ्नो लिखित प्रमाण समेत लिई उल्लिखित अवधिभित्र यस न्यायाधिकरणमा उपस्थित हुनुहोला । उक्त अवधिभित्र उपस्थित नभई म्याद गुजारी बसेमा मुद्दामा कानुन बमोजिम भइजानेछ । तपसिल:

| क.सं. | मुद्दा नं. | वादी | प्रतिवादी |
|---|---|---|---|
| १. | ०८२-LR-०३५६ | राष्ट्रिय सहकारी बैंक लिमिटेड | सहकारी विभागमा दर्ता भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३१, हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिको वडा नं. २ मा रहेको श्री उपलब्धि बहुउद्देश्यीय सहकारी संस्था लि. (दर्ता नं. १५५४/०६५/६६) (डिभिजन सहकारी कार्यालय, काठमाडौं) ... १ |
| २. | ०८२-LR-०३५६ | राष्ट्रिय सहकारी बैंक लिमिटेड | कर्णाकर पौडेलको नाति, चिरञ्जीवी पौडेलको छोरा, झापा जिल्ला, भद्रपुर नगरपालिका वडा नं. ४ को हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बस्ने वर्ष ५७ को योगराज पौडेल (जमानीकर्ता) (ना.प्र.नं. ११८०५८०: जि.प्र.का. झापा) ... १ |
| ३. | ०८२-LR-०३५६ | राष्ट्रिय सहकारी बैंक लिमिटेड | तुलसीराम शर्मा मिश्रको नाति, जगदिश शर्मा (मिश्र) को छोरा, झापा जिल्ला, चन्द्रगढी नगरपालिका वडा नं. ६ को हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं २ बस्ने वर्ष ५७ को देवराज शर्मा (जमानी कर्ता) (ना.प्र.नं. ०४१००७/७९१ जि.प्र.का. झापा) ... १ |
| ४. | ०८२-LR-०३५६ | राष्ट्रिय सहकारी बैंक लिमिटेड | नर बहादुर थापाको नाति, राम बहादुर थापाको छोरा, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७ को हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०७ बस्ने वर्ष ५८ को गगन थापा (जमानी कर्ता) (ना.प्र.नं. २७-०१-८१-०३४२८ जि.प्र.का. काठमाडौं ... १ |
| ५. | ०८२-LR-०३५६ | राष्ट्रिय सहकारी बैंक लिमिटेड | लक्ष्मीकान्त आचार्यको नाति, तारानाथ आचार्यको छोरा, झापा जिल्ला, जलथल गाउँ पञ्चायत वडा नं. ४ को हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बस्ने वर्ष ५२ को कृष्ण प्रसाद आचार्य (जमानी कर्ता) (ना.प्र.नं. ३९५ जि.प्र.का. झापा) ... १ |
| ६. | ०८२-LR-०३५६ | राष्ट्रिय सहकारी बैंक लिमिटेड | इन्द्र लाल खनालको नाति, राम प्रसाद खनालको छोरा, झापा जिल्ला, अर्जुनधारा वडा नं. ०९ को हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बस्ने वर्ष ५३ को अनिल प्रसाद खनाल (जमानी कर्ता) (ना.प्र.नं. २२३७ जि.प्र.का. झापा) ... १ |
| ७. | ०८२-LR-०३५६ | राष्ट्रिय सहकारी बैंक लिमिटेड | मुकुन्द प्रसाद निरौलाकी नातिनी, केशव प्रसाद निरौलाकी छोरी, सोलुखुम्बु जिल्ला, फूलबारी गा.वि.स. वडा नं. २ को हाल काठमाडौं महानगरपालिका का.म.न.पा. वडा नं. २ बस्ने वर्ष ४३ की प्रतिभा निरौला (जमानी कर्ता) (ना.प्र.नं. ४६७९१/२४०० जि.प्र.का. सोलुखुम्बु) ... १ |



## नारायण बहुउद्देश्यीय सहकारी संस्था लि. नारायण नगरपालिका, वडा नं.-१, दैलेख तथा सोका सञ्चालक सदस्यहरूलाई कर्जा चुक्ता गर्न आउनेबारे ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०८३/०३/१६

यस केन्द्रबाट उल्लिखित ऋणी सहकारी संस्थाले केन्द्रसँग गरेको बायोग्यास कर्जा सम्झौता एवं सञ्चालक सदस्यहरूको सामूहिक जमानत पत्र (कबुलियतनामा) बमोजिम बायोग्यास प्लान्ट निर्माण गर्नका लागि कर्जा प्राप्त गरेको र केन्द्रलाई बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता गर्न संस्थालाई पटक-पटक मौखिक, लिखित एवं कान्तिपुर दैनिक पत्रिका मार्फत मिति २०८२/०१/२८ गते "केन्द्रबाट बायोग्यास कर्जा लिएका सहकारी संस्थालाई कर्जा भुक्तानी गर्न ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना" मार्फत ताकेता गर्दा समेत कर्जा चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाएको हुँदा ऋणी सहकारी संस्था तथा सोका सञ्चालक सदस्यहरूलाई कर्जा चुक्ता गर्न यसै सूचनाद्वारा सूचित गरिन्छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र केन्द्रमा सम्पर्क राखी तिर्न बुझाउन बाँकी रहेको कर्जा (साँवा, ब्याज तथा हर्जाना समेत) अविलम्ब चुक्ता गर्नुहोला । अन्यथा यस केन्द्रसँग गरेको बायोग्यास कर्जा सम्झौता, सञ्चालकहरूको सामूहिक जमानत पत्र तथा प्रचलित कानुन बमोजिम केन्द्रको लेना रकम असुल उपर गर्न कालोसूचीमा सूचीकृत गर्ने समेतको कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

| क्र.सं. | सामूहिक जमानत कर्ताहरूको नामथर, ठेगाना, तीन पुस्ते विवरण र फोटो | | क्र.सं. | सामूहिक जमानत कर्ताहरूको नामथर, ठेगाना, तीन पुस्ते विवरण र फोटो | |
|---|---|---|---|---|---|
| १ | पद : अध्यक्ष<br>नाम : पङ्कज श्रेष्ठ,<br>बाबु : भक्त बहादुर श्रेष्ठ<br>बाजे : नन्द बहादुर श्रेष्ठ<br>पत्नी : पूजा श्रेष्ठ<br>ठेगाना : नारायण न.पा. १, पुरानो बजार, दैलेख<br>ना.प्र.नं. : १८७०१०/२७१४, जि.प्र.का., दैलेख, जारी मिति: २०६४/०३/१७ |  | २ | पद : उपाध्यक्ष<br>नाम : कृष्ण बहादुर भण्डारी<br>बाबु : अमर सिं भण्डारी<br>बाजे : रुप सिं भण्डारी<br>पत्नी : कृष्णा कुमारी भण्डारी<br>ठेगाना : नारायण न.पा. ८, दैलेख<br>ना.प्र.नं. : ४४८, जि.प्र.का., दैलेख, जारी मिति: २०५७/०८/०३ |  |
| ३ | पद : सचिव<br>नाम : रत्न बहादुर श्रेष्ठ<br>बाबु : लाल बहादुर श्रेष्ठ<br>बाजे : पुननारायण श्रेष्ठ<br>पत्नी : सुभद्रा श्रेष्ठ<br>ठेगाना : नारायण न.पा. १, पुरानो बजार, दैलेख<br>ना.प्र.नं. : ९६११, जि.प्र.का., दैलेख, जारी मिति: २०३७/११/१५ |  | ४ | पद : कोषाध्यक्ष<br>नाम : राम दयालु श्रेष्ठ<br>बाबु : पदम बहादुर श्रेष्ठ<br>बाजे : नन्द बहादुर श्रेष्ठ<br>पत्नी : लक्ष्मी श्रेष्ठ<br>ठेगाना : नारायण न.पा. १, पुरानो बजार, दैलेख<br>ना.प्र.नं. : २४२७,जि.प्र.का., दैलेख, जारी मिति: २०४०/१२/२२ |  |
| ५ | पद : सदस्य<br>नाम : प्रेम बहादुर थापा<br>बाबु : शेर बहादुर थापा<br>बाजे : मन बहादुर थापा<br>पत्नी : धनिस्वरा थापा<br>ठेगाना : नारायण न.पा. २, जारकोट, दैलेख<br>ना.प्र.नं. : ७०६, जि.प्र.का., दैलेख, जारी मिति: २०४६/०७/२४ |  | ६ | पद : सदस्य<br>नाम : विश्वास सुनार<br>बाबु : दुर्गे सुनार<br>बाजे : टिकाराम सुनार<br>पत्नी : सरिता रानी<br>ठेगाना : नारायण न.पा. १, दैलेख<br>ना.प्र.नं. : ११६६१०/१६६४, जि.प्र.का., दैलेख, जारी मिति: २०६३/०६/२४ |  |
| ७ | पद : सदस्य<br>नाम : रमा कुमारी थापा<br>बाबु : राम बहादुर थापा<br>बाजे : अम्बर सिं थापा<br>ठेगाना : नारायण न.पा. १, दैलेख<br>ना.प्र.नं. : ८७७४७/११९५, जि.प्र.का., दैलेख<br>जारी मिति: २०४१/०९/२५ |  | ८ | पद : सदस्य<br>नाम : मेनका श्रेष्ठ<br>बाबु : मिन बहादुर ढ्याल<br>बाजे/ससुरा : तेज बहादुर श्रेष्ठ<br>पति : विष्णु कुमार श्रेष्ठ<br>ठेगाना : नारायण न.पा. १, दैलेख<br>ना.प्र.नं. : ६९३००१/१४०५, जि.प्र.का., दैलेख, जारी मिति: २०६३/११/२९ |  |
| ९ | पद : सञ्चालक सदस्य<br>नाम : राम कृष्ण श्रेष्ठ<br>बाबु : मिन बहादुर श्रेष्ठ<br>बाजे : तेज बहादुर श्रेष्ठ<br>पत्नी : भगीरथी श्रेष्ठ<br>ठेगाना : नारायण न.पा. १, दैलेख<br>ना.प्र.नं. : १०४९८/३०२६, जि.प्र.का., दैलेख, जारी मिति: २०६०/०५/१७ |  | १० | पद : सञ्चालक सदस्य<br>नाम : जगत कुमारी खत्री<br>बाबु : धन बहादुर खत्री<br>बाजे : मान बहादुर खत्री<br>पति : लाल बहादुर खत्री<br>ठेगाना : नारायण न.पा. ६, बिजौरा, दैलेख<br>ना.प्र.नं. : २१४५, जि.प्र.का., दैलेख, जारी मिति: २०४२/०६/०२ |  |
| ११ | पद : सञ्चालक सदस्य<br>नाम : धन किशोर श्रेष्ठ<br>बाबु : मुरथ बहादुर श्रेष्ठ<br>बाजे : पुननारायण श्रेष्ठ<br>पत्नी : राधा देवी श्रेष्ठ<br>ठेगाना : नारायण न.पा. १, पुरानो बजार, दैलेख<br>ना.प्र.नं. : १०४२, जि.प्र.का., दैलेख, जारी मिति: २०४६/०३/०६ |  | | | |

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
बायोग्यास कर्जा एकाइ
ताहाचल, काठमाडौं
फोन नं. ०१-४५१९८०१३



## परवानीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल, बारा, मधेश प्रदेश, नेपाल

### मुदरी बजारको बहाल बिटौरी कर सङ्कलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

प्रथम पटक प्रकाशित मिति:- २०८३।०३।१६ गते, मङ्गलबार

यस बारा जिल्ला, परवानीपुर गाउँपालिका वडा नं. ३ लिपनीमालस्थित मुदरी बजारको दैनिक रूपमा आ.व. २०८३/०८४ का लागि बहाल बिटौरी कर यस कार्यालयले तोकेको दररेट अनुसार कर सङ्कलन गर्नका लागि तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही गाउँपालिकाबाट आवश्यक दस्तुर तिरी, टेन्डर फाराम खरिद गर्न इच्छुक व्यक्ति, फर्म, सहयसंस्था, कम्पनीहरूबाट प्रथम पटक प्रकाशित सूचनाको १५ (पन्ध्र) दिनभित्र सिलबन्दी दरभाउपत्र पेस गर्नका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | किसिम | न्यूनतम ठेक्का मूल्य रु. (भ्याट बाहेक) | सिलबन्दी दरभाउ पत्र खरिद दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | PRM/001/2083/084 | मुदरी बजारको बहाल बिटौरी कर सङ्कलन | १५,००,०००/- (पन्ध्र लाख मात्र) | रु. १,०००/- (एक हजार मात्र) | |

शर्तहरू

१) ठेक्को अवधि २०८३/०४/०१ गतेदेखि २०८४ असार मसान्तसम्म हुनेछ ।
२) सिलबन्दी बोलपत्र फाराम बापतको दस्तुर रु. १,०००/- (अक्षरूपी रु. एक हजार मात्र) यस गाउँपालिकाको नबिल बैंक लिमिटेड शाखा कार्यालय परवानीपुरको आन्तरिक राजस्व खाता नम्बर २१९०१०१७५०००३६ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा पछि फिर्ता नहुने गरी नगदै तिरी बोलपत्र फाराम किन्न सकिनेछ ।
३) मुदरी बजारको दैनिक रूपमा बहाल बिटौरी कर सङ्कलन गर्नका लागि पालिकाले आ.व. २०८३/८४ को लागि तोकेको दररेट बोलपत्र फाराममा समावेश गरिएको छ ।
४) प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र यस कार्यालयको राजस्व शाखाबाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।
५) दरभाउपत्र फाराम १६औं दिनको १२:०० बजेभित्र तथा उक्त दिन बिदा परेमा सोको भोलिपल्ट दिनको १२:०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गर्न सकिनेछ । दर्ता भएकै दिनको ०२:०० बजेपछि दरभाउपत्र दरभाउ दाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ ।
६) नेपाली नागरिक भए ५% र गैरनेपाली नागरिक भए १०% आफूले कबुल गरेको रकमको धरौटीको रूपमा यस गाउँपालिकाको नबिल बैंक लिमिटेड शाखा कार्यालय परवानीपुरको धरौटी खाता नम्बर २१६०१०१७५०००२६ मा जम्मा गरेको सक्कल भौचर वा १२० दिनसम्म म्याद भएको मान्यता प्राप्त बैंक जमानत (बैंक ग्यारेन्टी) फारामसँग संलग्न हुनुपर्नेछ ।
७) दरभाउपत्र दाता वा निजहरूको प्रतिनिधि उपस्थित नभए तापनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।
८) कार्यालयबाट बिक्री नभएको, दरभाउपत्र दाताको दस्तखत नभएको र सर्त राखी पेस भएको दरभाउपत्र मान्य हुनेछैन ।
९) रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।
१०) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
११) व्यक्तिको हकमा टेन्डर स्वीकृत भएपछि सम्झौता गर्न आउँदा मूल्य अभिवृद्धि करमा दर्ता गरेको प्रमाण पेस गर्नुपर्नेछ ।
१२) यसमा नपरेका अन्य कुराहरू प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
१३) सिलबन्दी बोलपत्र फाराम भर्दा कबुल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नुपर्दछ ।
१४) सिलबन्दी बोलपत्र खरिद गर्न इच्छुक व्यवसायी, फर्म तथा कम्पनीहरूले मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८२/०८३ सम्मको फर्म नवीकरण, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र प्यान नम्बरको प्रतिलिपि पेस गर्नुपर्नेछ ।
१५) सिलबन्दी बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबुल अङ्कको ४०% ले हुन आउने रकम र सोको भ्याट अनिवार्य बुझाई भौचर पेस गरी चलान पुर्जी लिन आउनुपर्नेछ र ६०% ले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बाट यस कार्यालयको नाममा २०८४ साल श्रावण मसान्तसम्म म्याद भएको जारी गरिएको बैंक ग्यारेन्टी समेत अनिवार्य पेस गर्नुपर्नेछ । यदि कबोल रकम एकमुष्ट रूपमा रकम जम्मा गर्दा न्यूनतम कबोल अङ्कबाट नघट्ने गरी भ्याट बाहेकको कबोल अङ्कमा ५% छुट दिइनेछ ।
१६) दरभाउपत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिनभित्र नियमानुसार सम्झौता गर्न यस कार्यालयमा आउनुपर्नेछ । सो अवधिभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरी दोस्रो बोलपत्र दाताको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः दरभाउपत्र आह्वान गर्ने अधिकार गाउँपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।
१७) बन्द, हड्ताल लगायत जस्ता कुनै पनि कारणबाट ठेकेदारलाई क्षति पुग्न गएमा ठेकेदार स्वयंले जिम्मेवार हुनुपर्ने र सो बापत यस कार्यालयबाट कुनै क्षतिपूर्ति तथा मिनाहा दिइने छैन ।
१८) यस सूचनामा उल्लेख नभएका अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लगायत अन्य प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।
१९) यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नुपरेमा यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत